प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश सुशासन केन्द्र

बागमती प्रदेश, जावलाखेल, ललितपुर

# सुनापती गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

## हिलेदेवी, रामेछाप

# राजश्व सुधार कार्ययोजना

## अन्तिम प्रतिवेदन

२०७८

**बिषय सूची**

**परिच्छेद - एकः परिचय ........ १**
१.१ पृष्ठभूमि ........ १
१.२ योजनाको औचित्य ........ १
१.३ योजनाको उदेश्यहरु ........ १
१.४ योजना तर्जुमा विधि र प्रक्रया ........ २
१.४.१ पृष्ठभूमि ........ २
१.४.२ सन्दर्भ सामाग्री अध्ययन ........ ३
१.४.३ प्रारम्भिक अभिमुखीकण तथा कार्ययोजना सम्बन्धि छलफल ........ ३
१.४.४ तथ्यांक तथा सूचना संकलन ........ ४
१.४.५ मस्यौदा प्रतिवेदन तयारी ........ ४
१.४.६ अन्तिम प्रतिवेदन पेश ........ ५
१.५ अध्ययन सिमाहरु ........ ५

**परिच्छेद - दुईः गाँउपालिकाको सक्षिप्त परिचय ........ ७**
२.१ ऐतिहासिक चिनारी तथा नामाकरण ........ ७
२.२ भौगोलिक अवस्थिति ........ ७
२.३ राजनैतिक एवं प्रशासनिक विभाजन ........ ७
२.४ जनसंख्या ........ ८
२.५ जातजाति, धर्म र भाषा ........ ८
२.६ शिक्षा ........ ८
२.७ स्वास्थ्य ........ ८
२.८ सडक तथा यातायात ........ ९
२.९ मानव संसाधनको अवस्था ........ ९
२.१० भौतिक सम्पतिको अवस्था ........ १०

**परिच्छेद - तीनः स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता ........ ११**
३.१ राजश्व अधिकार सम्बन्धी कानुनी व्यवस्था ........ ११
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ १५
३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावना विश्लेषण ........ १७
३.३.१ स्थानीय कर राजश्व ........ १७
३.३.२ गैर कर राजश्व ........ २१

**परिच्छेद - चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ २६**
४.१ राजश्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र ........ २६
४.२ आय संकलनको संस्थागत क्षमता ........ २७
४.३ विगतको आय परिचालनको अवस्था ........ २८
४.४ राजश्व परिचालनमा रहेका सवालहरु ........ २९

**परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना ........ ३३**
५.१ राजश्व सुधार कार्ययोजना ........ ३३
५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति........ ३३
५.१.२ राजश्व सुधार कार्ययोजना........ ३५

**परिच्छेद - छः आगामी तीन बर्षको आय प्रक्षेपण ........ ४१**
६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण........ ४१
६.२ आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण ........ ४३

**परिच्छेद - सातः अपेक्षित नतिजा........ ४६**
७.१ अपेक्षित नतिजा ........ ४६

**परिच्छेद - आठः अनुगमन तथा मूल्याङ्कन ........ ४८**

**अनुसूचीहरु........ ५१**
अनुसूची १ - तथ्याङ्क संकलनको चेक लिष्ट........ ५१
अनुसूची २ – तथ्याङ्क संकलन फाराम........ ५२
अनुसूची ३ – जुम मिटिङका फोटोहरु ........ ५७
अनुसूची ४ – तथ्याङ्क संकलनको फोटोहरु ........ ५८
अनुसूची ५ – मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणका फोटोहरु........ ६०
अनुसूची ६ – मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको माईन्यूट........ ६२

**तालिका सूची**

तालिका 1: गाँउपालिकाको वडा विभाजन र क्षेत्रफल ........ ७
तालिका 2: गाँउपालिकाको कार्मचारीहरुको विवरण........ ९
तालिका 3: गाँउपालिकाको अचल सम्पतिको विवरण........ १०
तालिका 4: गाँउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ १५
तालिका 5: संभाव्य सम्पति करदाता तथा सम्पति कर ........ १७
तालिका 6: व्यवसाय करको अनुमानित प्रक्षेपण ........ २०
तालिका 7: सरकारी स्वामित्तको बहाल र बिक्रीबाट हुने संभाव्य आयको विवरण ........ २४
तालिका 8: राजश्व परामर्श समितिको विवरण ........ २६
तालिका 9: गाँउपालिकाको आयको अवस्था........ २८
तालिका 10: कुल आयमा गाँउपालिकाको आन्तरिक आयको योगदान ........ २९
तालिका 11: राजश्व सुधार सम्बन्धी रणनीति र कार्यनीति........ ३३
तालिका 12: राजश्व प्रशासन सुधार योजना........ ३५
तालिका 13: कर राजश्व सुधार योजना........ ३७
तालिका 14: गैर कर राजश्व सुधार योजना........ ३९
तालिका 15: आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपणको आधार........ ४१
तालिका 16: आगामी तीन आर्थिक बर्षको आय प्रक्षेपण........ ४३
तालिका 17: अपेक्षित आय संरचना ........ ४६
तालिका 18: अनुगमन तालिका........ ४९

# परिच्छेद - एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले नेपालमा तीन तहका सरकारको व्यवस्था गरेको छ। यस अनुरुप ७५३ स्थानीय तहको (गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिका) निर्वाचन सम्पन्न भै संविधानले व्यवस्था गरे वमोजिम अनुसूचि ८ अनुसार निसृत गरिएका काम कर्तव्य र जिम्मेवारीहरु निर्वाह गर्दै आईरहेको छन्। नेपालको संविधानले यी तीन तहका सरकारका वीच समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्धद्वारा सहकारी मोडेलको संघीयता कार्यान्वयनमा रहेको छ।

नेपालको लागि संघीयता नौलो अभ्यास हो। यसको सफल कार्यान्वयनका लागि सबै तहमा यसको अवधारणा, कार्यान्वयन र भूमिकाबारे थप प्रस्टता आवश्यक छ। यसका लागि निर्वाचित पदाधिकारीहरु र राष्ट्रसेवक कर्मचारीहरुलाई संविधानले प्रदत्त गरेका काम कर्तव्य र अधिकारहरु कुशलतासाथ सम्पादन गरी नागरिकहरुलाई छिटो छरितो गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न सहयोग पुऱ्याउनु पहिलो र महत्वपूर्ण कार्य हो भने भर्खरै स्थापना भएका स्थानीय तहको संस्थागत अवस्था स्व-मूल्याङ्कन गरी सुधारका क्षेत्रहरुको पहिचान गरी तदअनुरुप आवश्यकता र मागमा आधारित क्षमता विकासका कार्यक्रमहरु संचालन गर्दै लैजानु आवश्यक छ। यसका साथै, स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तिय रुपमा सवल र सक्षम वनाउन राजश्व परिचालन सम्बन्धी ज्ञान, शिप र क्षमता अभिवृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ।

## १.२ योजनाको औचित्य

स्थानीय सरकारलाई संविधानले दिएको अधिकार प्रयोग गरी अनुसूची ८ मा रहेका २२ वटा प्रमुख कार्यक्षेत्र भित्रका जिम्मेवारीहरु पुरा गर्नुपर्ने अवस्था छ। यस प्रयोजनका लागि स्थानीय सरकारलाई संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय अनुदानका अतिरिक्त स्थानीय सरकारलाई आफ्नै राजश्वका आधारहरु तयार गर्ने अधिकार निहित रहेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (घ) र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ अनुसार स्थानीय सरकारलाई आफ्नो क्षेत्रमा कर गैर कर संकलन गर्नसक्ने अधिकार रहेको छ। तर कर प्रणाली र अधिकार क्षेत्रबारे कम जानकारी, स-साना व्यवसायहरुमा कर लागू गर्दा हुनसक्ने संभावित अलोकप्रियता, स्थानीय सरकारलाई प्राप्त हुन आएको अनुदान नै खर्च हुन नसकिरहेको अवस्थामा कर लगाउनु पर्ने आवश्यकता महसुस नहुनु जस्ता कारणहरुले गर्दा आफ्नो अधिकार क्षेत्र भित्र रहेर स्थानीय तहले अपेक्षित रुपमा राजश्व संकलन गर्न सकिरहेको अवस्था छैन। यसरी स्थानीय सरकारहरुले वित्तीय संघीयताको पूर्ण अभ्यास गर्न नसकेका कारण सार्वजनिक क्षेत्र भित्र रहेर वैज्ञानिक कर प्रणाली लागू गरी कार्यान्वयन गराई आफ्नै राजश्व आधार तयार गर्ने सहयोग पुऱ्याउनु नै यस राजश्व सुधार कार्ययोजना तर्जुमाको मुख्य ध्येय रहेको छ।

## १.३ योजनाको उदेश्यहरु

सुनापती गाँउपालिकाको आन्तिरक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरु न्यूनिकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ बर्षको आय प्रक्षेपणमा

गाँउपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उदेश्य हो । यस कार्यक्रमका सहायक उदेश्यहरु देहाय अनुसार रहेका छन् ।

१) कर, गैर कर तथा प्रचलित कर प्रणाली बारे स्थानीय तहको बुझाईमा प्रस्टता ल्याउने ।
२) स्थानीय तहलाई संविधान प्रदत्त अधिकार, कामको जिम्मेवारी, राजश्व अधिकार, अन्तर सरकारी वित्तीय हस्तान्तरण, सार्वजनिक खर्चका लागि ऋण लिने अधिकार जस्ता अवधारणा र व्यवस्था बारे अनुशिक्षण प्रदान गर्ने ।
३) संघ, प्रदेश स्थानीय सरकारका एकल र राजश्व अधिकारका साझा अधिकार क्षेत्रबारे प्रस्टता ल्याउने।
४) राजश्व तथा करको दायराहरु खोजि तथा पहिचान गर्न सहयोग पुऱ्याउने तथा राजश्व प्रक्षेपणका वैज्ञानिक विधिहरु, कर निर्धारण प्रक्रिया, राजश्व निर्धारणका आधारहरु बारे स्थलगत रुपमा अभ्यास गराई वैज्ञानिक कर प्रणाली लागू गर्न सक्षम बनाउने ।
५) Coaching and Mentoring विधिको अवलम्वन गर्दै स्थानीय सरकारका विशेष गरी राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई राजश्व प्रक्षेपणका विधिहरु बारे व्यवहारिक रुपमा राजश्वको अवस्था र संभाव्यता विश्लेषण गर्न सहयोग पुऱ्याउने ।
६) स्थानीय तहको कम्तिमा ३ बर्षको राजश्व सुधार कार्ययोजना निर्माण गर्ने

## १.४ योजना तर्जुमा विधि र प्रक्रया

### १.४.१ पृष्ठभूमि

सुनापती गाँउपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमाको मार्गदर्शकका रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ तथा बागमती प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुरबाट प्राप्त यस योजना तर्जुमाको कार्यक्षेत्रगत शर्त (Terms of references) मा उल्लेख भएको तर्जुमा विधि र मार्गनिर्देशनलाई आधार मानिएको छ ।

विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ को बिषम परस्थिति र लकडाउनको कारण गाँउपालिकामा गर्नुपर्ने कतिपय स्थलगत सर्भे, छलफल, अन्तरक्रिया सम्भव नभएकोले ईन्टरनेट प्रविधिको प्रयोग गरी जुम मिटिङबाट बागमती प्रदेश सुशासन केन्द्रका प्रमुख तथा विज्ञहरु, गाँउपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु, सम्बन्धित समितिहरु र सरोकारवालाहरुसंग भर्चुअल मिटिङ र छलफलहरु सम्पन्न गरिएको थियो । यस्ता छलफल तथा मिटिङहरुमा सबै सहभागिहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अलवम्बन गरिएको छ । यसका साथै आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजश्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्यांक तथा सूचना संकलनका औजारहरुको आवश्यक परिमार्जन र प्रयोग गरिएको थियो । योजना तर्जुमा प्रकृयाको चरणमा आवश्यक्ता अनुसार गाँउपालिकाका राजश्व र प्रशासनका शाखा कर्मचारीहरु, प्रमुख प्रसाशकिय अधिकृत, जनप्रतिनिधिहरु, राजश्व समितिका पदाधिकारहरुसंग टेफिफोन संवाद समेत गरिएको थियो । सूचना तथा तथ्याङ्क संकलनको लागि तयार गरिएको तथ्याङ्क संकलनको चेकलिष्ट र फाराम अनुसूची ३ र ४ मा राखिएको छ । योजना तर्जुमा क्रममा नेपाल सरकारले तोकेको कोभिड-१९ सम्बन्धि सुरक्षा मादपण्ड र निर्देशिकाहरु पूर्ण रुपमा पालना गरिएको थियो । यस गाँउपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमाका चरणहरु यस प्रकार रहेका छन् ।

### १.४.२ सन्दर्भ सामाग्री अध्ययन

यस चरणमा परामर्शदाताबाट राजश्व सुधार कार्य योजनासंग सान्दर्भिक विभिन्न सन्दर्भ सामाग्री, दस्तावेज, प्रतिवेदन, ऐन, कार्यविधि आदिको संकलन तथा अध्ययन गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छः

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचाल ऐन २०७४ (संशोधन सहित)
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राजश्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६
- स्थानीय तहको वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५
- सुनापती गाँउपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०७६/७७
- सुनापती गाँउपालिकाको आर्थिक ऐन, २०७७
- सुनापती गाँउपालिकाको बिगत ३ बर्षको आयको विवरण
- सुनापती गाँउपालिकाको बार्षिक प्रगति प्रतिवेदनहरु
- सुनापती गाँउपालिकाको घरधुरी सर्वेक्षण, २०७५

### १.४.३ प्रारम्भिक अभिमुखीकण तथा कार्ययोजना सम्बन्धि छलफल

यस सुनापती गाँउपालिकाको राजश्व सुधार कार्ययोजनाले निर्दिष्ट गरेको उद्वेश्य प्राप्त गर्नको लागि परामर्शदाताका प्राविधिक र विज्ञहरुलाई वागमती प्रदेश सुशासन केन्द्रको तर्फबाट जेष्ठ २० र २७, २०७८ मा योजना तर्जुमा सम्बन्धि अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिएको थियो । कोभिड-१९ को कारणले लकडाउनको अवस्था भएकोले यस्ता अभिमुखीकरण कार्यक्रमहरु अनलाईन भर्चुअल माध्यमबाट सम्पन्न गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा बागमती प्रदेश सुशासन केन्द्रमा कार्यकारी निर्देशक लगायत अन्य सम्बन्धित कर्मचारी, राजश्व सुधर योजना तर्जुमा टोलिका टोलि प्रमुख, विषय विज्ञ आदिको सक्रिय सहभागिता रहेको थियो । त्यसैगरी, परामर्शदाताको तर्फबाट समेत गाँउपालिकाका जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत, राजश्व परामर्श समितिका पधाधिकारीहरु लगायत राजश्व शाखाका कर्मचारीहरुलाई २०७८/०२/२८ मा ईन्टरनेट जुम माध्यमबाट राजश्व सुधार कार्ययोजनाको उदेश्य र योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम र छलफलहरु सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा बागमती प्रदेश सुशासन केन्द्रमा कार्यकारी निर्देशकबाट राजश्व सुधार कार्ययोजनाको उदेश्य, गाँउपालिकाको कर अधिकार र आर्थिक ऐन सम्बन्धी अभिमुखिकरण र विभिन्न सुझावहरु प्रदान गर्नु भएको थियो ।

गाँउपालिकाका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजश्व र लेखा शाखाका कर्मचारीहरुसंग फोन, इमेल तथा अन्य विद्युतीय माध्यमबाट सम्पर्क गरी गाँउपालिकाले हालसम्म परिचालन गरि आएका कर, दस्तुर, शुल्क, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको बर्तमान संरचना वारे जानकारी लिनुका साथै राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियावारे जानकारी गराई गाँउपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको थियो । यसैक्रममा कोभिड १९ को समस्या बढ्दै गई बैशाख १६, २०७८ बाट देशव्यापी बन्दावन्दीको घोषणा भएपछि राजश्व सुधार कार्ययोजना तर्जुमा कार्य बैकल्पिक विधि प्रयोग गरी सम्पादन गर्न सूचना तथा संचार प्रविधिलाई उपयोग गर्ने रणनीति अवलम्बन गरियो । राजश्व सुधार

कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्य जिम्मेवारी निर्धारण गरी आवश्यक सूचना संकलन फाराम गाँउपालिकामा पठाई सो सम्बन्धमा इमेल, टेलिफोन तथा जुम प्रविधिमार्फत स्पष्ट गराई गणक समेत व्यवस्था गरी सम्बन्धित सूचना, सामग्रीहरु गाँउपालिकाले संकलन गरी पठाउने प्रतिवद्धता प्राप्त भएको थियो । प्राप्त सूचनाका आधारमा राजश्वको स्थानीय अवस्थावारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुगेको थियो ।

### १.४.४ तथ्यांक तथा सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा विभिन्न विधिहरुको प्रयोग गरी आवश्यक तथ्यांक तथा सूचनाहरू संकलन गरिएको थियो । गाँउपालिकाबाट संकलन गर्नुपर्ने तथ्याङ्क र अन्य विभिन्न योजना दस्तावेज, विगतका बार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, आय तथा व्ययको विवरण, आर्थिक ऐन, विनियोजन ऐन, अन्य नीति तथा कानूनहरु असार ११, २०७८ मा गाँउपालिका भ्रमण गरी परामर्शदाताबाट पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा आवश्यक दस्तावेज तथा तथ्याङ्कहरु संकलन गरिएको थियो (तथ्याङ्क संकलनको फोटो अनुसूची ४ मा राखिएको छ) । गाँउपालिकाबाट निम्न दस्तावेज र सूचनाहरु संकलन गरिएको थियोः

१) विगत ३ आर्थिक बर्षको आय व्ययको यथार्थ विवरण
२) चालु आर्थिक बर्षको आर्थिक ऐन र बजेट
३) गत बर्षको बार्षिक प्रगति प्रतिवेदन
४) राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
५) आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
६) आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
७) संगठन संरचना तथा कर्मचारीको विवरण ।
८) गाँउपालिकाको भौतिक अवस्था ।
९) राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
१०) कार्यकक्ष तथा कार्य स्थलको पर्याप्पता ।
११) फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
१२) राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सप्फट्वेयर र त्यसको प्रयोग
१३) कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
१४) वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

तथ्याङ्क तथा सूचना संकलनको विस्तृत चेकलिष्ट अनुसूची ३ मा राखिएको छ ।

### १.४.५ मस्यौदा प्रतिवेदन तयारी

मस्यौदा प्रतिवेदन उपर सुझाव संकलनको लागि परामर्शदाताद्वारा २०७८ श्रावण ५ मा गाँउपालिकाको कार्यालयमा एक दिने कार्यशाला गोष्ठी आयोजना गरी मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा गाँउपालिकाका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, राजश्व शखा प्रमुख, सम्बन्धित शाखाका कर्मचारीहरु, परामर्शदाताका टोलि नेता/विज्ञ लगायत

बागमती प्रदेश सुशासन केन्द्रका विज्ञको समेत सहभागिता रहको थियो (मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको फोटो र माईन्यूट अनुसूची ५ र ६ मा राखिएको छ) । परामर्शदाताका विज्ञद्वारा राजश्व अधिकार सम्बन्धी विद्यमान कानुनी व्यवस्था, गाँउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था, आन्तरिक आय परिचालनको प्रमुख क्षेत्र र संभावनाको विश्लेषण, आय संकलनको संस्थागत क्षमता र विगतको आय परिचालनको अवस्था, राजश्व सुधार कार्ययोजना र मस्यौदा प्रतिवेदनले प्रक्षेपणको गरेको गाँउपालिकाको आगामी तीन बर्षको राजश्व प्रक्षेपण सम्बन्धी प्रस्तुतीकरण गर्नु भएको थियो भने सहभागीहरुको आन्तरिक आय र राजश्व संकलन सम्बन्धी जिज्ञासाहरुलाई सम्बोधन गर्नु भएको थियो । प्रस्तुतीकरणको अन्त्यमा गाँउपालिकाका अध्यक्षद्वारा परामर्शदातालाई मस्यौदा प्रतिवेदन उपर प्राप्त सुझावहरुलाई अन्तिम प्रतिवेदनमा समावेश गर्न अनुरोध गर्दै यस प्रतिवेदनले दिएका सुझाव, कार्यनीति र रणनीतिहरुलाई गाँउपालिकाले सम्भव भएसम्म क्रमश लागू गर्दै राजश्वको प्रक्षेपित लक्ष्य हासिल गर्ने मन्तव्य व्यक्त गर्नु भै परामर्शदातालाई धन्यवाद दिदै कार्यक्रम समापन गर्नु भएको थियो ।

### १.४.६ अन्तिम प्रतिवेदन पेश

मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणबाट प्राप्त सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यस राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

## १.५ अध्ययन सिमाहरु

गाँउपालिकाको राजश्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएतापनि सिमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समय र कोभिड-१९ को बिषम परिस्थितिका कारण यस अध्ययनका सिमाहरु देहाय अनुसारका रहेका छनः

क) अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ ।

ख) गाँउपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग छलफल गरी संकलन गर्नुपर्ने कतिपय तथ्याङ्क तथा सूचनाहरु कोभिड-१९ को बिषम परिस्थितिले गर्दा टेलिफोन अन्तरवार्ता, अनलाईन भर्जुअल मिटिङ तथा छलफलहरुबाट प्राप्त गरिएको छ ।

ग) गाँउपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

घ) संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन।

क) गाँउपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाँउपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजश्वका दरको पुनरावलोकन

आदि कृयाकलापहरूले भविश्यको राजस्व संकलनमा असर पर्ने भएतापनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद - दुईः गाँउपालिकाको सक्षिप्त परिचय

## २.१ ऐतिहासिक चिनारी तथा नामाकरण

मुलुकमा संघीय शासन व्यवस्था लागु भए पछि वि.सं. २०७३ फागुन २७ गने देखि सुनापती गाउँपालिका अस्तित्वमा आएको छ । सुनापती डाडाँको नामबाट नै यस पालिकाको नामाकरण गरिएको हो । रामेछाप जिल्लामा सुनापती डाडाँको एक अलग पहिचान रहेको छ । एकातिर यो साविकका हिलेदेबी, बेथान र खनियापानी गाउँ विकास समितिहरुको संगम स्थल हो भने अर्को तर्फ हिन्दु र वौद्ध धर्मालम्वीहरुको धार्मिक र सांस्कृतिक केन्द्र विन्दु पनि हो। सुनापती डाडाँमा महादेवको मन्दिर र वौद्ध धर्मालम्वीहरुको करीव १०४ वर्ष पुरानो ऐतिहासिक माने (छ्योर्तेन) र १०८ वर्ष पुरानो लहरेमाने पनि छ जुन पुरातत्व विभागमा समेत सूचीकृत भइसकेको छ। यसरी सुनापती एक धार्मिक एवं सांस्कृतिक विविधताले भरिपूर्ण एक पर्यटकीय गन्तव्य पनि हो।

## २.२ भौगोलिक अवस्थिति

यस गाउँपालिकाको सिमाना पूर्वमा खाँडादेबी गाउँपालिका, पश्चिममा चौरीखोला, उत्तरमा दोरम्बा गाउँपालिका र दक्षिणमा सुनकोशी नदी पर्दछ। । समुन्द्री सतहदेखि करीव ६०० देखि २३०० मिटर सम्मको उचाइमा अवस्थित यो गाँउपालिका भौगोगिक अवस्थितिका हिसाबले २७° ४७' ३०" देखि २७° ५५' ३०" उत्तरी अक्षांश र ८५° ७०" २७" देखि ८६° ९०' ३०" पुर्वी देशान्तरमा फैलिएको छ। यस पालिकाको कुल क्षेत्रफल ८६.९८ वर्ग किलोमिटर रहेको छ।

## २.३ राजनैतिक एवं प्रशासनिक विभाजन

सुनापती गाउँपालिका ३ नम्बर प्रदेश अन्तरगत रामेछाप जिल्लामा अवस्थित रहेको छ । साविकका ५ गाविसहरु (गुन्सी, दिमीपोखरी, हिलेदेबी, बेथान र खनियापानी) समावेश गरी बनाइएको यस गाउँपालिकामा ५ वडाहरु रहेका छन्। रामेछाप जिल्लामा विद्यमान २ नगरपालिका र ६ गाउँपालिका गरी ८ स्थानीय तहहरु मध्ये सुनापती गाउँपालिका पनि एक हो। हाल यस गाउँपालिकाको अस्थायी केन्द्र साविक हिलेदेवी गाविसको कार्यालय रहेको स्थानमा स्थापित छ । गाउँपालिकाको वडागत विभाजन र क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका 1: गाँउपालिकाको वडा विभाजन र क्षेत्रफल

| क्र.स. | नयाँ वडा | समावेश साविक गाविस | क्षेत्रफल (वर्ग किमि) |
|---|---|---|---|
| १ | १ | गुन्सी (१-७) | १४.९५ |
| २ | २ | दिमिपोखरी (१-९) | १६.४९ |
| ३ | ३ | हिलेदेवी (१-९) | १४.६४ |
| ४ | ४ | वेथान (१-९) | १८.०४ |
| ५ | ५ | खनियापानी (१-९) | २०.९७ |
| जम्मा | | | ८५.०९ |

*स्रोतः नेपाल सरकारको राजपत्र, २०७३*

## २.४ जनसंख्या

घरधुरी सर्वेक्षण २०७५ अनुसार यस गाँउपालिकाको जनसंख्या २७०९० रहेको छ । जसमा महिलाको जनसंख्या १३६८९ र पुरुषको जनसंख्या १३४०३ रहेको छ। वडागत रुपमा सवैभन्दा वढि अधिक जनसंख्या वडा नं ४ मा रहेको छ ।गाउँपालिकाद्धारा गरिएको घरधुरी सर्वेक्षण, २०७५ अनुसार यस पालिकामा घरधुरी संख्या ४७०९ छ।

## २.५ जातजाति, धर्म र भाषा

घरधुरी सर्वेक्षण २०७५ अनुसार तामाङ, क्षेत्री, नेवार, ब्राम्हण र मगर यहाँका प्रमुख जातजातीहरु हुन । कुल जनसंख्यामा तामाङ ४०.७१%, क्षेत्री १७.९५%, नेवार १५.२%, ब्राम्हण ८.२८% र मगर ९.२९% छन् । अन्य जातजातिहरुमा कामी, परियार, सार्की, माझी आदि रहेका छन जसको संख्या करिब ८% जति रहेको छ। मातृभाषाका रुपमा नेपाली भाषा बोल्ने जनसंख्या ५२.६%, तामाङ्ग भाषा बोल्ने जनसंख्या ३४.६%, नेवारी भाषा बोल्ने ११.२% र अन्य भाषा बोल्ने जनसंख्या करिब १% छन् । हिन्दु (६०.१६%) र बौद्ध ३९.५९%) यहाँको प्रमुख धर्महरु हुन ।

## २.६ शिक्षा

यस गाउँपालिकामा जम्मा ४१ ओटा शैक्षित संस्थाहरु छन् । गाउँपालिकाको वडा नम्बर २ मा कृष्णवर्णेश्वर क्याम्पस र सुनापती शहीद बहुमुखी क्याम्पस संचालनमा छन् । गाउँपालिकाको वडा नम्बर ४ बेथानमा २ वटा विद्यालयममा नियमित पढाईको साथसाथै सिटिइभिटी अन्तर्गत कुशेश्वर उच्च मावि बेथानमा बाली विज्ञान र डहु माविमा कम्युटर साइन्स विषय पठनपाठन हुँदै आएको छ । गाउँपालिकामा ७ ओटा उच्च मावि, ५ वटा मावि, ३ वटा निमावी र २० वटा आधारभूत विद्यालहरु रहेका छन् । राष्ट्रिय जनगणना २०६८ का अनुसार यस गाँउपालिकाको साक्षरता ५८.७२% रहेको छ तर जनगणना भएको करिब १० बर्ष भैसकेको अवस्थामा हाल यस गाँउपालिकाको साक्षरता ७०% रहेको अनुमान गर्न सकिन्छ।

## २.७ स्वास्थ्य

स्वास्थ्य सेवाको सन्दर्भमा २४ सै घण्टा सवै वडाहरुमा प्रसुती सेवा सुचारु छ भने आधा आधा घण्टाको पहुँचमा सवै गाँउपालिकावासिलाई स्वास्थ्य सेवा पुऱ्याउन गाउँपालिका प्रयासरत छ। हाल गाउँपालिकामा पाँचओटै वडाहरुमा गरी कुल ६ वटा स्वास्थ्यचौकी (गुन्सी, दिमीपोखरी, हिलेदेवी, बेथान, खनियापानी, मानपुर सिएचयु) छन् जहाँबाट प्राथमिक उपचारको सुविधा उपलब्ध हुँदै आइरहेको छ । यहाँका स्वास्थ्य संस्थाहरुले सरकारले लागू गरेका स्वास्थ्यसम्बन्धी कार्यक्रम संचालन गर्ने, खोप अभियानहरु संचालन गर्ने र आधारभूत तहको स्वास्थ्य उपचार गराउँदै आइरहेका छन । विशिष्ट र गम्भीर प्रकृत्तिको रोगहरुको उपचार यी स्वास्थ्य संस्थाहरुबाट उपलब्ध हुन सक्ने अवस्था नभएकोले गम्भिर प्रकारको रोगको उपचारको लागि गाँउपालिकावासीहरु धुलिखेल, भक्तपुर र राजधानी काठमाण्डौ जानुपर्ने वाध्यता रहेको छ।

## २.८ सडक तथा यातायात

जटिल भौगोलिक धरातल र न्यून आन्तरिक आयका विचमा पनि गाउँपालिकाको सवै क्षेत्रमा सडकको सहज पहुँच छ। गाँउपालिकाको केन्द्र हेलेदेवी देखि सबै वडाहरुसम्म सडकको विस्तार भएको छ। गाउँपालिकाबाट जिल्ला सदरमुकाम मन्थली र राजधानी काठमाडौ सम्म सडक संजाल विस्तार भै नियमित यातातात संचालन हुँदै आईरहेको छ । गाउँपालिका भित्र करीव २७६ किलोमिटर सडकको ट्र्याकमा करीव १०० किलोमिटर सडक वाह्रै महिना सुचारु हुने प्रकृतिको छ भने २६०० मिटर सडक कालोपत्रे भइसकेको छ। गाँउपालिकाका सबै वडा केन्द्रहरुलाई पक्की सडकले जोडने गाँउपालिकाको नीति रहेको छ । गाउँपालिकाका ५१.०९% जनताले १-५ किलोमिटर मात्रै यात्रा गर्दा गाउँपालिका कार्यालयमा पुग्न सक्छन्। त्यसैगरी ३५% प्रतिशतले ६-१० किलोमिटर यात्रा गर्नुपर्छ भने ७.३१% ले ११-१५ किलोमिटर, ०.९१% ले १६-२० किलोमिटर र ४.७६% ले २१ किलोमिटरभन्दा बढी दूरी यात्रा गर्नुपर्छ । गाउँपालिका अन्तरगत रहेका विभिन्न सडक खण्डहरुमा सार्वजनिक बस, जीप तथा निजी मोटरसाइकलहरु संचालन भईरहेको पाइन्छ। मिनि ट्रक, बस, माईक्रोबस, टाटा सुमो जिप, ट्रिपर, निसान जिप, मोटरसाईकल आदि गाँउपालिकामा मुख्य सवारी साधनहरु हुन्।

## २.९ मानव संसाधनको अवस्था

नवगठित गाउँपालिकाको पहिलो निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् गाउँपालिकाको कार्य संचालन हुँदै आईरहेको छ। यस गाउँपालिकामा रहेका ७ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ३७ जना गाउँसभा सदस्यहरु रहेका छन्। त्यसैगरी गाउँ कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक कर्मचारी कार्यरत छन् । यस गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृत १, अधिकृतहरु २, सब ईन्जिनियर ३, ओभरसियर, कृषि तथा पशु सहायक र फिल्ड सहायक आदि गरी हाल १९ जना कर्मचारीहरु कार्यरत छन् । कर्मचारीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका 2: गाँउपालिकाको कार्मचारीहरुको विवरण

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | शिक्षा अधिकृत | १ |
| ३ | जनस्वास्थ्य निरीक्षक | १ |
| ४ | सूचना अधिकारी | १ |
| ५ | मनोसामाजिक परामर्शकर्ता | १ |
| ६ | रोजगार संयोजक | १ |
| ७ | एम. आई. एस. अपरेटर | १ |
| ८ | सब ईन्जिनियर | ३ |
| ९ | प्राविधिक सहायक (रोजगार सेवा केन्द्र) | १ |
| १० | खा.प.स.टे. | १ |
| ११ | अमिन | १ |
| १२ | ना.प.स्वा.प्रा. (पशु सेवा शाखा) | २ |

तालिका 2: गाँउपालिकाको कार्मचारीहरुको विवरण

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १३ | महिला बिकास सहायक निरीक्षक | १ |
| १४ | प्राविधिक सहायक (कृषि) | १ |
| १५ | वित्तिय साक्षरता सहजकार्ता | १ |
| १६ | फिल्ड सहायक (पंजीकरण शाखा) | १ |
| जम्मा | | १९ |

*स्रोतः सुनापती गाँउपालिका, २०७८*

## २.१० भौतिक सम्पतिको अवस्था

सुनापती गाँउपालिकाको कार्यालय वडा नं ३ हिलेदेवीमा रहेको छ । गाँउपालिकाको आफ्नै नव निर्मित प्रिफ्याबबाट बनेको भवन छ । महिला विकास भवन, वन कार्यालय भवन, हुलाक कार्यालय भवन र प्रहरी चौकी भवन, वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन, सामुदायिक स्वास्थ्य ईकाई भवन, पशुसेवा केन्द्र भवन, कृषि सेवा केन्द्र र कृषि सेवा शाखा भवन गाँउपालिकामा रहेका महत्वपूर्ण सरकारी भवनहरु हुन । गाँउपालिकाको सम्पतिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका 3: गाँउपालिकाको अचल सम्पतिको विवरण

| क्र.स. | विवरण | एकाई |
|---|---|---|
| १ | नगर कार्यपालिकाको भवन | १ |
| २ | जिप | १ थान |
| ३ | व्याक हो लोडर | १ थान |
| ४ | एम्बुलेन्स | १ |
| ५ | टिफर | १ |
| ६ | ट्र्याक्टर | १ |
| ७ | मोटरसाईकल | १० थान |

*स्रोतः सुनापती गाँउपालिका, २०७८*

# परिच्छेद - तीनः स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता

उपलब्ध कानुनी व्यवस्था अनुसार गाँउपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई तलको उपखण्डहरुमा शीर्षकगत रुपमा विश्लेषण गरिएको छ। यसबाट गाँउपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ।

## ३.१ राजश्व अधिकार सम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसारको राजश्व अधिकार प्रत्यायोजन गरेको छः

- सम्पति कर
- भूमिकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरन्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ।

**क) गाँउपालिका वा गाँउपालिकाको एकल अधिकार**

**अ) कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने। "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने। (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)
- भूमि कर (मालपोत); आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने। तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने। (आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था)
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा।

- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र उन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ् सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र संचालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बंजी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा *(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो संचालन, “घ” वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- नक्सा पास दस्तुर
- पंजीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने (केहि नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।

> **वन ऐन, २०७६**
>
> **प्रमाणीकरण मिति**
> **२०७६।०६।२७**
>
> संवत् २०७६ सालको ऐन नं. १२
>
> (२) उपदफा (१) बमोजिमको कार्ययोजना डिभिजनल वन अधिकृतले जाँचबुझ गरी उपयुक्त देखिएमा स्वीकृत गर्नेछ ।
>
> **वनको विकासको लागि खर्च गर्नु पर्ने**: (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ ।
>
> (२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ ।

**ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने दफा (दफा ११ (४))**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति

- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तह्का पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४) ले स्थानीय तह्लाई निम्न अनुसार वित्तिय अधिकार प्रदान गरेको छः

**१) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने। तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने।

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने।

ग) मनोरन्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाँउपालिकाले उठाउने।

घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने।

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने।

ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तह्लाई बाँडफाँट गरिने।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तह्लाई वाँडफाँट गर्ने।
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने।

**२) राजश्व बाँडफाँट**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्त शुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने।
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने।
  - स्थानीय संचित कोषमा मासिक रुपमा प्राप्त हुने।
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तह्लाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**३) अनुदान**

- <u>वित्तीय समानीकरण अनुदानः</u> खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने।

- <u>सशर्त अनुदानः</u> कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- <u>समपूरक अनुदानः</u> पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- <u>विशेष अनुदानः</u> कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने

**४) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था) ।
- कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

सुनापती गाँउपालिकाले आर्थिक बर्ष २०७७/७८ को लागि आर्थिक ऐन जारी गरी स्थानीय सरकारको कर तथा शुल्कहरु निर्धारण गरेको छ । गाँउपालिकाको सोही ऐनको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाँउपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दर निर्धारणको अवस्थालाई थप प्रस्ट पार्दछ ।

तालिका 4: गाँउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.स. | आयका शिर्षकहरु | संभावना | दर | संकलन |
|---|---|---|---|---|
| **क** | **करतर्फ** | | | |
| १ | सम्पति कर | √ | √ | √ |
| २ | भूमिकर (मालपोत) | √ | √ | √ |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, ईरिक्सा) | निक्कै न्यून | √ | |
| ४ | घरजग्गा वहाल कर | न्यून | √ | √ |
| ५ | व्यवसाय कर | न्यून | √ | √ |

| क्र.स. | आयका शिर्षकहरु | संभावना | दर | संकलन |
|---|---|---|---|---|
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | √ | | |
| ७ | विज्ञापन कर | निक्कै न्यून | √ | |
| ८ | मनोरन्जन कर | निक्कै न्यून | √ | |
| **ख** | **गैरकर्तफ** | | | |
| १ | स्लेट, ढुंगा, गिट्टी, वालुवा एवं माटोजन्य वस्तुको विक्री | न्यून | √ | |
| २ | वहाल विटौरी शुल्ल | √ | √ | |
| ३ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | न्यून | √ | |
| ४ | पर्यटन शुल्क | √ | √ | |
| ५ | अन्य विक्रीबाट प्राप्त रकम रकम (राजपत्र, पुस्तक, नक्शा आदि) | न्यून | √ | √ |
| ६ | सरकारी सम्पतिको विक्रीबाट प्राप्त आय | न्यून | √ | √ |
| ७ | अन्य सेवा शुल्क तथा विक्री (पार्क, वनभोज स्थल, भू-टावर) | √ | √ | |
| ८ | ढुंगा गिट्टी वालुवा दहत्तर बहत्तर शुल्क | √ | √ | |
| ९ | न्यायिक दस्तुर (न्यायिक समितिको समेत) | निक्कै न्यून | √ | √ |
| १० | परीक्षा शुल्क | निक्कै न्यून | √ | |
| ११ | अन्य प्रशासनिक शुल्क (बोलपत्र फाराम विक्री समेत) | √ | √ | √ |
| १२ | पार्किङ शुल्क | निक्कै न्यून | √ | |
| १३ | सिफारिस दस्तुर | √ | √ | √ |
| १४ | व्यक्तिगत घटना दर्ता विलम्व दस्तुर | √ | √ | |
| १५ | नाता प्रमाणि दस्तुर | √ | √ | √ |
| १६ | अन्य दस्तुर | √ | √ | √ |
| १७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | √ | √ | √ |
| १८ | अन्य राजश्व (माथिका अन्य शिर्षकमा नपरेका) | | | √ |

गाउँपालिकामा उल्लेखित मध्ये करका शीर्षकतर्फ मालपोत र सम्पत्ति कर दुबै संकलन भएको देखिन्छ । घरजग्गा वहाल करतर्फ न्यून असुली देखिएको छ । जडीबुटी, कवाडी र जीवजन्तु करको संभावना रहेको छ । सवारी करको सम्भावना भएर दर निर्धारण गरिएको भएपनि संकलन भएको देखिदैन । ब्यवसाय कर लिइएको छ तर अझै प्रभावकारी बनाउनु पर्ने छ ।

त्यसैगरि गैरकर तर्फ सिफारिस दस्तुर, न्यायिक दस्तुर, प्रशासनिक शुल्क, नाता प्रमाणित दस्तुर र व्यवसाय रजिष्ट्रेशन मा शुल्क लगाउने गरिएको छ । वहाल विटौरी तर्फ केहि संभावना देखिन्छ । नश्सा पास शुरु नगरिएकोले यसबाट आय भएको देखिदैन तर भविश्यमा यसबाट गाँउपालिकालाई आय हुने संभावना रहेको छ । त्यसैगरी घरजग्गा अभिलेखिकरण भनेर शुल्क उठाउने संभावना भने रहेको छ । सरकारी सम्पत्ति (जेसीबी, प्रोजेक्टर) को बहालबाट निक्कै न्यून आय भएको देखिन्छ । समग्रमा जम्मा २६ वटा शीर्षकहरू मध्ये हाल १३ वटा शीर्षकहरुबाट मात्र संकलन भइरहेको छ तथापि राजस्व प्रशासन सुधार गरी अन्य शीर्षकहरूबाट आय संकलन गर्ने सम्भावना भएपनि असुली शुरु भएको छैन ।

## ३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजश्व

**क) सम्पति कर**

**हालको अवस्था**

गाँउपालिकाको आर्थिक ऐन २०७७ को दफा २ मा "गाँउपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लागू गरी कार्यान्वयन गरिने व्यहोरा उल्लेख गरिएको छ । उक्त आर्थिक ऐनको अनुसूची (१) मा घरजग्गाको मुल्य अनुसार करको दर निर्धारण गरिएको छ भने घरको बनौट अनुसार घरजग्गाको मूल्याङ्कन गर्ने विधि समेत उल्लेख गरिएको छ । गाँउपालिकाद्वारा उपलब्ध गराईएको आन्तरिक आय विवरणमा आ.व. २०७६/७७ मा सम्पति करबाट केवल रु ३५०० आम्दानी भएको देखिन्छ ।

**संभावना**

गाँउपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार यस गाँउपालिकामा ४७०९ घरधुरी रहेका छन् । विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा गाँउपालिकामा आर.सि.सि. फ्रेम स्ट्रक्चर भएको २३५ घरधुरी; अर्धपक्की, ढुंगा, माटोको साथै सिमेन्टको रड प्रयोग भएको ७०६ घरधुरी; भित्र बाहिर पाको ईटा सिमेन्ट वा बज्रको जोडाई भएको १४१३ घरधुरी अनि ढुंगा माटोको जोडाई भएको सबै किसिमको घर र काठबाट बनेको घर घरधुरी २३५५ रहेका छन् । यसप्रकार यी चार प्रकारका घरहरुलाई गाँउपालिकाको आर्थिक ऐनमा उल्लेखित दरमा सामान्य हेरफेर गर्दा क्रमशः बार्षिक प्रतिघर आर.सि.सि. फ्रेम स्ट्रक्चरको लागि रु १०००, अर्धपक्की, ढुंगा, माटोको साथै सिमेन्टको रड प्रयोग भएको ७०६ घरधुरीको लागि रु ६००, भित्र बाहिर पाको ईटा सिमेन्ट वा बज्रको जोडाई भएको घरको लागि रु ४०० र ढुंगा माटोको जोडाई भएको सबै किसिमको घर र काठबाट बनेको घर घरधुरीको लागि रु १०० का दरले सम्पति कर निर्धारण गर्ने प्रस्ताव गरिएको छ । जस अनुसार आउने सम्पति करको गणना निम्नानुसार रहेको छः

तालिका 5: संभाव्य सम्पति करदाता तथा सम्पति कर

| घरको बनावट | करदाता संख्या | करको औसत दर | संभाव्य कुल आय (रु) |
|---|---|---|---|
| आर.सि.सि. फ्रेम स्ट्रक्चर भएको | २३५ | १००० | २३५००० |
| अर्धपक्की घर, ढुंगा, माटोको साथै सिमेन्ट रड प्रयोग भएको | ७०६ | ६०० | ४२३६०० |
| भित्र बाहिर पाको ईटा सिमेन्ट वा ब्रजको जोडाई भएको | १४१३ | ४०० | ५६५२०० |
| ढुंगामा माटोको जोडाई भएका सबै किसिमको घर र काठबाट बनेको घर | २३५५ | १०० | २३५५०० |
| जम्मा | ४७०९ | | १४,५९,३०० |
| कुल संभावनाको ६०% रकम | | | ८,७५,५८० |

तालिका ५ मा उल्लेख गरिएको संभाव्य सम्पति करको ६०% मात्र संकलन गर्न सकेमा पनि गाँउपालिकाले बार्षिक ८,७५,५८० रुपैया असुल गर्नसक्ने देखिन्छ ।

**सुधारका पक्षहरु**

सम्पत्ति कर कार्यान्वयनका लागि गाँउपालिकाले गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छः

- आर्थिक ऐनमा उल्लेखित करको दर सामान्य परिमार्जन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि सचेतना तालिम संचालन गर्ने ।
- एकिकृत सम्पत्ति कर सम्बन्धी गाँपालिकावासीहरुलाई विभिन्न माध्यमहरुबाट सूचित गर्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी गाँउपालिका कार्यालय तथा सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।
- विद्युतीय भूक्तानी प्रणाली क्रमश लागू गर्ने (ईसेवा, खल्ति आदि)
- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।

**ख) मालपोत वा भूमि कर**

**हालको अवस्था**

गाउँपालिकाको आ. व. २०७७/७८ को आर्थिक ऐनको अनुसूची २ मा दिइए वमोजिम मालपोत वा भूमिकरको दर निर्धारण गरिएको छ । यसमा जग्गाको स्वामित्व र प्रकारको आधारमा ४ वटा क्याटेगोरीमा वर्गिकरण गरी सोही वमोजिम भूमि करको दर तोकिएको छ । परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार समूहमा वर्गीकरण गर्ने गरिएकोमा यसमा उत्पादनको हिसाबले खेत र पाखो भनि दुई आधारमा छुट्याइएको छ तर सडकको पहुँचको हिसाबले बर्गिकरण भने गरिएको छैन । जस अनुसार अब्बल खेतको रु. १० देखि (५ रोपनी देखि माथी) देखि रु. ३० (न्यूनतम १-५ रोपनी सम्म) निर्धारण गरिएको छ । त्यसैगरी दोयमको रु. ५ देखि रु. २५, सिमको रु. ४ देखि रु. २० र चाहारको रु. ३ देखि रु. १५ सम्म कर निर्धारण गरिएको छ । भूमिकर/मालपोतबाट गाँउपालिकाको आर्थिक बर्ष २०७६/७७ मा रु ९२३१३ असुल गरेको देखिन्छ ।

**संभाव्यता**

गाँउपालिकामा ५५६.५ हेक्टर (१०९४० रोपनी) बाऱ्है महिना सिचाई हुने खेतियोग्य कृषि भूमि रहेको छ । सो मध्ये करिव ३०% सडकसंग जोडिएको जोडिएको अनुमान गर्न सकिन्छ । यसप्रकार सडकसँग जोडिएको जग्गाबाट रु १५०००० र अन्य जग्गाबाट रु. ५५०००० जति असुल हुनसक्ने देखिन्छ । यसप्रकार जमीनको पहुँचका आधारमा मालपोत भूमिकरको हिसाव गर्दा करिब रु. ७००००० प्राप्त हुनसक्ने देखिन्छ । उल्लेखित रकम घर र घरले चर्चेको जग्गामा लाग्ने सम्पत्ति कर बाहेक नै प्राप्त हुनेगरी हिसाव गरिएको छ ।

**सुधारका पक्षहरु**

यस सम्बन्धमा सुधारका पक्षहरु देहाय अनुसार छनः

- मापलोतको दरमा सामान्य फेरबलद गर्ने ।
- साविकको वर्गीकरणका आधारमा बढी मुल्य पर्ने जग्गाको यथार्थ लगत तयार पार्ने ।
- आवश्यक पूर्वाधार तयार गरी सबै वडा कार्यालयमा कम्प्युटरमा आधारित विलिङ प्रणाली लागू गर्ने ।

**ग) वहाल कर (घरजग्गा वहाल कर)**

**हालको अवस्था**

गाँउपालिकाको आर्थिक ऐनले गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, छप्पर, सेड, जग्गा, पोखरी, पार्क, हलभाडा लगायतका संरचना आंशिक तवरले वा अन्य कुनै आम्दानी हुने गरी वहालमा दिईएकोमा अनुसूची (३) वमोजिम बढीमा वहाल अंकको २% वहाल कर लाग्ने व्यवस्था गरिएको छ । हालसम्म संस्थागत रुपमा वहालमा दिईएका घरहरुबाट मात्र यो कर संकलन गरिएको भन्ने जानकारी गाँउपालिकासंगको छलफलमा प्राप्त भएको थियो । गाँउपालिकाले आ.व. २०७६/७७ मा यस शीर्षकवाट रु. १७६४९ वहाल कर संकलन गरेको देखिन्छ ।

**संभावना**

यस गाउँपालिकाको मुख्य बजार क्षेत्रमा केही घर तथा जग्गाहरु बहालमा गएको देखिन्छ तर गाँउपालिका भित्र व्यवसायिक प्रयोजनको लागि ठूला भवनहरु भने छैनन । आवसीय प्रयोजनको लागि बनेका घरहरुमा नै व्यापारिक गतिविधिहरु भएको देखिन्छ । गाँउपालिकामा करिब ३०० जति व्ययवसायहरु दर्ता भएकोमा ३०% ले मासिक भाडामा घर सटर लिएर विभिन्य व्यापार र व्यवसायहरु गरिरहेको देखिन्छ । यसरी करिब १०० जति घरधनीहरुले बार्षिक भाँडावापत रु १५००० जति आम्दानी गरेको देखिन्छ उक्त आम्दानीमा १०% वहाल कर लगाउदा करिब रु १,५०,००० जति वहाल कर असुल हुनसक्ने देखिन्छ ।

**सुधारका पक्षहरू**

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी व्यवसाय दर्ताको माध्यमबाट अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।
- घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने ।
- घरजग्गा वहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

**घ) व्यवसाय कर**

**हालको अवस्था**

गाँउपालिकाले आर्थिक ऐन २०७७ मार्फत् गाँउपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजिगत लगानी र आर्थिक कारोवारका आधारमा आर्थिक ऐनको अनुसूचि (४) वमोजिम कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा २० वटा क्याटागोरी बनाई उत्पादनमूलक उद्योग र सेवा उद्योगहरुमा व्यवसाय करको दर निर्धारण गरेको छ । विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवामा सबैभन्दा बढी पेट्रोलियमजन्य सामाग्रीको व्यापारलाई बार्षिक रु. २५००० तोकिएको छ । त्यसैगरी वित्तीय सेवा अन्तर्गत बचत तथा ऋण सहकारी संस्थालाई दर्ता रु. १५०० र बार्षिक कर रु. १५०० तोकिएको छ । स्वास्थ्य सेवा अन्तरगत नर्सिङ होमलाई दर्ता शुल्क रु. ३००० र बार्षिक कर रु. ३००० तोकिएको छ । अन्तराष्ट्रिय गैर सरकारी संस्थाको दर्ता शुल्क रु. २५०० र बार्षिक कर रु. २५०० छ । नविकरण शुल्कको तुलनामा बार्षिक करको दर न्यून देखिन्छ । गाँउपालिकाले आर्थिक बर्ष २०७५/७६ मा रु. २३९००० व्यवसाय कर असुल भएकोमा आर्थिक बर्ष २०७६/७७ मा रु १४६२० मात्र संकलन भएको देखिन्छ तर आर्थिक बर्ष २०७५/७६ मा व्यवसाय रजिष्ट्रेशन शुल्क वापत रु ३४०००० र आर्थिक बर्ष २०७६/७७ मा रु ३९६५० रकम असुली भएको देखिन्छ

**संभावना**

गाँउपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुसंगको छलफल अनुसार सुनापती गाँउपालिकामा ठूला स्तरका उद्योगहरु नभएतापनि स-साना स्तरका करिब ३०० जति (चिया खाजा घर, रेष्टुरेन्ट, खाद्य पसल, कस्मेटिक पसल, निर्माण सामाग्री पसल, औषधी पसल, लत्ता कपडा पसल, जुत्ता चप्पल पसल आदि) व्यवसायिक इकाईहरु रहेका छन् । त्यस बाहेक केही लघु तथा घरेलु स्तरमा कुटानी पिसानी मिल समेत रहेका छन । यस अनुसार उपलब्ध व्यवसाय र गाउँपालिकाको आर्थिक ऐन अनुसारको दररेट हेर्दा व्यवसायीको कर तिर्ने सामर्थ्य अनुसार व्यवसाय करको सम्भाव्यता निम्न अनुसार आँकलन गरिएको छः

तालिका 6: व्यवसाय करको अनुमानित प्रक्षेपण

| क्र.स. | करदाता | संख्या | औसत करको दर (रु.) | संभावित आय (रु.) |
|---|---|---|---|---|
| १ | लघु तथा घरेलु उद्योगहरु | १० | ५००० | ५०००० |
| ३ | स-साना होटल रेष्टुरेन्ट तथा खाजा घर | ५० | १००० | ५०००० |
| ४ | मर्मत संभार सेवा (मोटरसाईकल, टीभि, रेडियो, मोवाईल) | १५ | १००० | १५००० |
| ५ | संस्थागत (निजी स्कुल, पोलिक्लिन, बैंक, सहकारी) | २२ | ३००० | ६६००० |
| ६ | साना तथा खुद्रा व्यापार | १५० | १००० | १५०००० |
| जम्मा | | २४७ | | ३३१००० |

**सुधारका पक्षहरू**

गाँउपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउन निम्न कार्यहरू गर्न प्रस्ताव गरिएको छः

- गाँउपालिकामा संचालित व्यवसायहरूको करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा उल्लेख गर्ने।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा ब्यवसाय दर्ताका लागि घुम्ती शिविरलाई हरेक वर्ष निरन्तरता दिने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- ब्यवसायीहरुमा कर तिर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।
- कर शिक्षा कार्यक्रम संचालन गर्ने ।
- बढी कर तिर्ने व्यवसायीहरुलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने ।
- कर भुक्तानी प्रणालीलाई बैंक मार्तफ र अनलाईन गर्ने ।

### ३.३.२ गैर कर राजश्व

#### क) व्यवसाय रजिष्ट्रेश दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था**

स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । गाँउपालिकाले औधोगिक व्यवसाय ऐन २०७६ जारी गरी सोही अनुरुप व्यवसायहरु दर्ता गर्ने, ईजाजत पत्र दिने र सो वापत दस्तुर संकलन गरिरहेको छ। गाँउपालिकाले आर्थिक ऐनमा २० प्रकारका व्यवसायहरुको क्याटेगोरी बनाई व्यवसाय रजिष्ट्रेशन दस्तुर तोकेको छ। जस अनुसार सबैभन्दा बढी रजिष्ट्रेशन दस्तुर नेपाल सरकारको पूर्ण स्वामित्तमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंकहरुको रु १०००० तोकिएको छ भने सबैभन्दा कम दस्तरु रु १०० सम्म रहेको छ। गाँउपालिकाले आर्थिक बर्ष २०७६/७७ मा व्यवसाय दर्ता रजिष्ट्रेशन दस्तुर वापत रु ३९६५० रकम संकलन गरेको देखिन्छ।

**सम्भावना**

गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, कृषि तथा वनजन्य उद्योग, मर्मत संभार, सहकारी, बैंक, स्वास्थ्य सेवा, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत र खानी संचालन अनुमति दिंदा गाउँपालिकामा यस्ता व्यवसायिक कार्यहरु करिब ५० रहेको अनुमान गरिएको छ। प्रति फर्म वार्षिक औसत रु. ३००० रजिष्ट्रेशन दस्तुर लिदा करिब रु. १५०००० लाख संकलन गर्न सकिने देखिन्छ।

**सुधारका पक्षहरू**

- आर्थिक ऐनमा भएको रजिष्ट्रेशन शुल्कलाई सामान्य परिमार्जन गर्ने ।
- औधोगिक व्यवसाय ऐन २०७६ मा रहेको उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्थालाई परिमार्जन गर्ने ।

**ख) घर नक्शा पास दस्तुर**

**हालको अवस्था**

गाँउपालिकाको आर्थिक ऐन २०७७ मा घर नक्सापास पास दस्तुरको व्यवस्था गरिएको छ तर नक्सापासको प्रचलन व्यापक रुपल अघि बढन सकेको देखिदैन । छलफलको क्रममा नक्शापसास प्रक्रिया शुरु गरिएको र निर्माण भैसकेका घरहरुको समेत नियमन गर्ने तयारी गरिएको छ । गाँउपालिकाका कतिपय वडाहरु नितान्त ग्रामिण प्रकृतिका रहेकोले उक्त वडाहरुमा घर तथा भवन निर्माण गर्दा नक्शापास सम्बन्धी व्यवस्थाको चेतना अभाव र गाँउपालिकाको कम पहुँचले गर्दा नक्शा पास बिनै घर निर्माण गर्ने चलन विद्यमान छ । तरपनी मुख्य बजार, मुख्य सडक आसपासको क्षेत्र, वडाका केन्द्रहरुमा भने नक्शापासको चलन शुरु भैसकेको देखिन्छ । गाँउपालिकाको घर नक्सा पास एवं रजिष्ट्रेशन दस्तुर सबै वडामा प्रति वर्ग फिट रु ३ पैसा तोकिएको छ तर घरको प्रकार भने तोकिएको छैन । गाँउपालिकाले हालसम्म घर नक्शा पास दस्तुर शिर्षकबाट रकम संकलन गरेको भने देखिदैन ।

**सम्भावना**

यस गाँउपालिकामा विस्तारै आरसीसी संरचनाका घरहरु निर्माण हुन थालेको देखिन्छ । गाँउपालिकामा नक्शापास अनिवार्य नगरिएको भएतापनि विस्तारै नक्सापास गर्ने प्रवृति बढन थालेको छ । हाल गाँउपालिकामा नयाँ बन्ने पक्कीघहरु प्रायः जसो न्युनतम १००० वर्ग फिट जति क्षेत्रफल भएका घरहरू निर्माण भईरहेका छन् । आगामी आर्थिक बर्षमा यस गाँउपालिकामा करिब ५० वटा जति नयाँ घरहरु निर्माण हुने अनुमान गर्न सकिन्छ । गाँउपालिकाको आथिक ऐनमा उल्लेख भएको नक्शापास दर प्रति वर्ग फिट रु ३ र आवेदन दस्तुर रु ५०० लिदा आगामी बर्ष नयाँ निर्माण हुने घरहरुबाट रु. १,७५,००० (नक्शा पास र आवेदन दस्तुर समेत) संकलन हुन सक्ने देखिन्छ । निर्माण भैसकेका पुराना घरहरुको अभिलेखिकरण वापत प्रतिवर्ष २०% का दरले असुल गर्दा थप रु. १,२५,००० प्राप्त भै कुल ३,००,००० आम्दानी हुने देखिन्छ ।

**सुधारका पक्षहरू**

- घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।
- घर अभिलेखीकरणका लागि सार्वजनिक सूचना जारी गरी वैक तथा वित्तिय संस्थाहरुसँग समन्वय गर्ने ।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान पूर्ण रुपमा लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।
- गाँउपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने।

- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।

## ग) वहाल विटौरी शुल्क

### हालको अवस्था

गाँउपालिकाले आफुले रेखदेख वा संचालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । गाँउपालिकाको आर्थिक ऐन २०७७ को दफा ९ मा गाँउपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूचि (८) मा उल्लेख भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लिने व्यवस्था गरिएको छ । यस्तो शुल्क प्रति वर्ग फिट मासिक रु. २ (गुन्सी, दिमीपोखरी, हिलदेवी, वेथान, खनियापानी क्षेत्र) देखि रु. ५ (साविक हिलेदेवी गाविसको साँधिडाँडा बजार, साविक वेथान गाविसको पानीघाट क्षेत्र) सम्म तोकिएको छ । गाँउपालिकाले आर्थिक बर्ष २०७६/७७ मा वहाल विटौरी शिर्षकबाट कुनै शुल्क संकलन गर्न सकेको देखिदैन तर सरकारी सम्पतिको वहाल भन्ने शिर्षकबाट चाहि रु. ५,००० रकम संकलन भएको देखिन्छ ।

### संभावना

मुख्य बजार र सडक आसपासमा रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरुसँग वहाल विटौरी दस्तुर असुल गर्न सकिन्छ । गाँउपालिकामा सडक क्षेत्रमा निर्माण भएका टहरा, पसलहरु करिब ५० को संख्यामा रहेका र तिनीहरुसँग प्रति पसल वार्षिक रु. ५०० को दरले असुल गर्दा करिब रु. २५,००० आय प्राप्त हुने देखिन्छ ।

### सुधारका पक्षहरू

गाँउपालिकाको वहाल विटौरी शुल्कमा सुधारको लागि निम्नानुसार प्रस्ताव गरिएको छः

- गाँउपालिकाभित्र भएका सार्वजनिक वा सडक अधिकार क्षेत्र भित्रका जमिनको विवरण संकलन गर्ने।
- वहाल विटौरी शुल्कको दायराभित्र सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरकचनाको उपयोग गरेवापत लाग्ने शुल्कलाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- संकलित विवरणका आधारमा वर्गीकरण गरी हाटबजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा संकलन गर्ने ।

## घ) सिफारिश तथा प्रमाणित दस्तुर

### हालको अवस्था

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गरिआएको छ । आर्थिक ऐनको अनुसूची ११ मा विभिन्न ७० किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । गाँउपालिकाले सिफारिस, प्रमाणित र अन्य दस्तुर गरी आर्थिक बर्ष २०७६/७७ मा क्रमश रु. ३१५९७७, रु. ११०० र रु. ४९९५० गरी कुल रु ३६७०२७ रकम संकलन भएको देखिन्छ ।

**सम्भावना**

जुम कार्यशाला गोष्ठीका दौरान भएको छलफल तथा वर्तमानमा वडाहरूले गर्ने विभिन्न सिफारिशको आधारमा यहाँ वार्षिक कुल ७००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित कागजात जारी हुने अनुमान गरिएको छ । विद्यमान दर अनुसार प्रति सिफारिश औसत रु. १५० कायम भएमा सिफारिश तथा प्रमाणित दस्तुरबाट वार्षिक कुल रु. १०,५०,००० संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको प्रमाण समावेश गर्ने प्रणाली स्थापित गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।

**ङ) सरकारी सम्पत्तिको बहाल र विक्रीबाट प्राप्त आय**

**हालको अवस्था**

आर्थिक बर्ष २०७६/७७ मा गाँउपालिकाले सरकारी सम्पतिको वहालबाट रु ५००० आम्दानी गरेको देखिन्छ । त्यसैगरी राजपत्र, पुस्तक, नक्शा आदिको बिक्रीबाट रु ६५०० आम्दानी भएको देखिन्छ । गाँउपालिका र वडाकार्यालयको हल भाडा रु १००० तोकिएको छ भने राजपत्रको मुल्य पेज अनुसार रु. २ देखि रु. ३० सम्म (९६ पेज सम्मको) तोकिएको छ । विद्यमान भौतिक स्रोतहरुको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको छैन । यस गाउँपालिकाको स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरुः जेसीबी एक्साभेटर, सभा हल तथा प्रोजेक्टर बहालमा दिएर आय गर्न सकिने देखिन्छ ।

**सम्भावना**

गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरू जस्तै जेसिभि, प्रोजेक्टर आदिको बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्यांक र दररेटहरु नभएकाले आगामी आर्थिक बर्षमा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ भने राजपत्र, पुस्तक, नक्शा बिक्री आदिको हकमा आर्थिक ऐनमा उल्लेख गरिएको दररेट अनुसार आय अनुमान गरिएको छ । बोलपत्र फारामको अनुमानित आय भने आर्थिक बर्ष २०७४/७५ देखि आर्थिक बर्ष २०७६/७७ सम्मको बिगत तीन बर्षको आयको प्रवृतिलाई आधार मानी प्रक्षेपण गरिएको छ ।

तालिका 7: सरकारी स्वामित्तको बहाल र बिक्रीबाट हुने संभाव्य आयको विवरण

| क्र.स. | स्वामित्तको रहेको सम्पति | अनुमानित आय |
|---|---|---|
| १ | जेसीभि (व्याक हो लोडर) भाडा | १५०००० |
| २ | वैठक हल भाडा | ५००० |
| ३ | प्रोजेक्टर भाडा | ५००० |
| ४ | राजपत्र, पुस्तक, नक्शा विक्रि | ३००० |
| ५ | बोलपत्र फाराम बिक्री | १०००० |
| | जम्मा | १,७३,००० |

**सुधारका पक्षहरु**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

**च) पर्यटन शुल्क**

**हालको अवस्था**

गाँउपालिकाको आर्थिक ऐन २०७७ को दफा १३ मा गाँउपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्टयकहरुका लागी अनुसूची १२ वमोजिम शुल्ल लिने व्यवस्था गरेको छ । अनुसूचीमा आन्तरिक पर्यटकको लागि रु २५ र विदेशी पर्यटकहरुको लागि रु २०० पर्यटक शुल्क तोकिएको छ । नेपाली विद्यार्थीहरुबाट शुल्क लिईने छैन भने विदेशी विद्यार्थीहरुलाई ५०% छुटको व्यवस्था छ । तर गाँउपालिकाले हालसम्म पर्यटनबाट आय आर्जन गर्न सकेको छैन ।

**संभावना**

गाँउपालिकाको आर्थिक बर्षको २०७९/८० को बार्षिक नीति तथा कार्यक्रममा पर्यटन पूर्वाधार विकास गरि आय आर्यज गरिने नीति उल्लेख छ । गाँउपालिकाको सुनापती डाँडामा भू-टावर निर्माणधिन रहेको छ । हिलेदवी र खनियापानी दुवैतर्फ डाँडासम्म सडक संजाल विस्तार भैसेकेको छ भने सुनापती डाँडासम्म पुग्नको लागि गाँउपालिकाको केन्द्र साँदीडाँडा र बेथानबाट डाँडासम्म पुग्नको लागि सिढी निर्माणको अन्तिम चरणमा रहेक छ । पिकनिक स्पटको पूर्वाधार निर्माण समेत अन्तिम चरणमा रहेको छ । सुनकोशी नदिमा राफ्टिङ पर्यटकिय स्थलको रुपमा नेपाल सरकारले प्रमुख १०० गन्तव्यमा राखेकोले गाँउपालिकाले राफ्टिङको न्यूनतम पूर्वाधार निर्माण गर्न सकेमा राफ्टिङबाट समेत आय आर्जन हुन सक्ने देखिन्छ । त्यसैले आगामी बर्षहरुमा भू-टावरबाट बार्षिक रु २५,०००, पिकनिक स्पटबाट रु २५,००० र राफ्टिङ गर्न आउने आन्तरिक र विदेशी पर्यटकहरुबाट रु २५,००० गरी कुल रु ७५,००० आम्दानी हुनसक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु**

- पर्यटकिय स्थल र गतिविधिहरु अनुसार आर्थिक ऐनमा पर्यटकिय शुल्क तोक्ने
- स्थानीय पर्टयकिय क्षेत्रहरुको प्रचार प्रसार गर्ने

# परिच्छेद - चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदका उपखण्डहरुमा सुनापती गाँउपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाँउपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। यस समितिले राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस गाँउपालिकामा स्थानीय राजश्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

तालिका ४: राजश्व परामर्श समितिको विवरण

| क्र.स. | समितिका व्यक्तिहरु | जिम्मेवारी |
|---|---|---|
| १ | गाँउपालिका उपाध्यक्षः गिता बिष्ट | संयोजक |
| २ | प्रमुख प्रशासकिय अधिकृतः कमल राज श्रेष्ठ | सदस्य |
| ३ | गाँउपालिका सदस्यः रिता कुमारी गौतम | सदस्य |
| ४ | गाँउपालिका सदस्यः कर्म छुल्डिम लामा | सदस्य |
| ५ | स्थानीय उद्योग वाणिज्य संघ प्रतिनिधिः तेज तामाङ | सदस्य |
| ६ | लेखा प्रमुखः सन्देश घिमिरे | सदस्य सचिव |

गाँउपालिकाको राजश्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि राजश्व परामर्श समितिको बैठक गरी राजश्वको दर निर्धारण सिफारिस, वार्षिक राजश्व अनुमान आदि निर्णय गर्ने गरेको देखिन्छ । गाँउपालिकाले आर्थिक बर्षको २०७७/७८ को लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट प्रस्ताव गरि गाँउसभाले सो दररेट स्वीकृत गरेका छ । आयका शिर्षगत दायरा तथा उक्त दायराका दररेटहरू राखी गाँउसभा मार्फत् आर्थिक ऐन पारित गरिएको हो ।

गाउँपालिकाको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा राजस्व सम्बन्धमा छुट्टै च्याप्टरमा नीतिहरु उल्लेख नगरिए पनि विभिन्न विषयगत क्षेत्रभित्र समेट्ने गरी देहाय अनुसार नीति तय गरिएका छनः

- “हाम्रो कर नियमित तिर्छौः सुनापती समृद्ध बनाइछाडछौ” भन्ने उदघोसका साथ गाँउपालिका क्षेत्रमा कर सहभागिता अभियान संचालन गरिनेछ ।
- सुचना प्रविधिको उपयोग मार्फत वजेट तर्जुमा खर्चको लेखांकन, अभिलेख तथा प्रतिवेदन प्रणालीमा एकरुपता ल्याई वित्तीय अनुशासन कायम गरिनेछ ।
- प्रत्येक चौमासिकमा आम्दानी र खर्चलाइ वेबसाइट मार्फत सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।

- गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई बढाउँदै सहभागितामूलक कर नीति अवलम्बन गरिने ।
- स्थानीय सरकार संचालनको मूल आधार आन्तरिक आय भएकाले गाउँबासी, उद्योग वाणिज्य संघ, टोलसुधार समितिहरु, स्थानीय शैक्षिक संस्थाहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइने छ ।
- सूचना र प्रविधिको माध्यमबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो सम्बोधन गरिने परिपार्टीको विकास गरिने छ ।
- विगत देखिका अभिलेखहरुलाई कम्प्युरकृत गरी सुरक्षित राख्ने प्रयत्न गरिने छ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको ब्यवस्था गरिने ।
- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा भवन निर्माण संहिता लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिने तथा गाउँपालिका घोषणा हुनुअघि बनेका घरहरुलाई समेत निर्धारित मापदण्डमा नक्सापास र नियमित गर्ने अभियानलाई निश्चित समयसीमा तोकी कडाइ गरिने छ ।
- गाउँपालिकाभित्र रहेका वित्तिय संस्थाहरुको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइने छ ।

**गाँउपालिकाको राजश्व प्रशासन**

गाँउपालिकाको राजश्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेटमार्फत पनि गाँउपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजश्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्न रहेको छ । यसैगरी राजश्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजश्व संकलन कार्यमा परिचालन गनुपर्ने हुन्छ । साथै गाँउपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजश्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिमले गाँउपालिकाको राजश्व अभिवृद्धिमा महत्वपूर्ण योगदान दिने सक्ने देखिन्छ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

संगठन संरचनामा गाँउपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरि राजस्व उपशाखा गठन गर्ने प्रावधान वमोजिम राजश्व उपशाखाबाट काम भैरहेको देखिन्छ । राजश्व उपशाखा अन्तर्गत नै वडा कार्यालयहरूबाट वडा सचिव तथा राजश्व उपशाखाका कर्मचारीहरु मार्फत राजश्वको संकलन तथा अभिलेखीकरण गरिंदै आएको छ । अनलाई मिटिङ, टेलिफोन अन्तरवार्ता तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाँउपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छः

- राजस्व उपशाखा अन्तरगत प्रशासन सहायक र कार्यालय सहयोगी गरी जम्मा २ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ ।

- गाँउपालिका कार्यालय तथा वडा कार्यालयहरूमा कम्प्युटर विलिङ्ग प्रणाली मार्फत राजस्व संकलन हुने गरेको ।
- सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार नभएकाले संकलन गरिएको राजस्वका शीर्षकहरू नमिलेको ।
- गत बर्ष ५ वटै वडाहरुमा कर शिक्षा कार्यक्रमहरु संचालन गरिएको तर यो बर्ष कोरोनाको कारणले कर शिक्षा कार्यक्रम संचालन हुन नसकेको ।
- कार्यालय भवनमा पर्याप्त स्थान र कोठाहरु नभएकोले राजश्व र प्रशासन शाखा एउटै कोठाबाट संचालन भएको ।
- सेवा शुल्क तथा बिक्रीको बैग्ले महल तथा शीर्षक नखोलिएकाले यस किसिमको आयहरू विविध आय शीर्षकमा संकलन हुने गरेको ।
- वडा सचिव मार्फत वडामानै राजस्व संकलन गर्ने कार्यले सेवाग्राहीलाई सुविधा प्रदान गरेको ।
- “घ” वर्गको इजाजत पत्र लगायत अन्य शुल्कहरू, टेण्डर बिक्री तथा परिक्षा शुल्क जस्ता राजश्व गाँउपालिका कार्यालयबाट संकलन हुने गरेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मूल्यांङ्कन नभएको।
- गाँउपालिकाले आर्थिक बर्ष २०७६/७७ मा आन्तरिक आयबाट रु. १०,२३,१६३ राजश्व संकलन गरेको देखिन्छ ।

## ४.३ विगतको आय परिचालनको अवस्था

यस गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा अत्यन्त न्यून रहेको छ । आन्तरिक आय तर्फ भूमिकर, सम्पति कर, वहाल कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, व्यवसाय रजिष्ट्रेशन दस्तुर लगायत अन्य प्रशासनिक शुल्क तथा दस्तुरहरु रहेका छन् । तसर्थ आगामी दिनमा समेत आन्तरिक आयतर्फ गाउँपालिकाको लागि सम्पत्ति कर, मालपोत, ब्यवसाय कर र दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन् । गाउँपालिकाले मालपोत लाई जमीनको उपयोगका आधारमा वर्गिकरण गरेर दर निर्धारण गरेको छ । उद्योग व्यवसायको विकास भए अनुसार व्यवसाय करको असुली प्रभावकारी देखिंदैन । घरबहाल कर, विज्ञापन कर, जडीबुटी कवाडी तथा जीवजन्तु करको सम्भावना तत्कालका लागि न्यून रहेको देखिन्छ । गाउँपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्यांकको शीर्षकगत आयसम्बन्धी अभिलेख ब्यवस्थित देखिदैन । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुर्याउन कठिनाइ रहेको छ । गाउँपालिकाकाबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाले विगत आ.व. २०७६/७७ र २०७७/७८ मा संकलन गरेको आय विवरण देहाय अनुसार रहेको छः

तालिका 9: गाँउपालिकाको आयको अवस्था

(रु हजारमा)

| आय शिर्षक | २०७५/७६ यथार्थ | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमानित |
|---|---|---|---|
| **क) आन्तरिक आय** | **२७१०** | **१०२३** | **३०००*** |
| आन्तरिक आम्दानी | २७१० | १०२३ | ३००० |
| **ख) राजश्व बाँडफाँडबाट प्राप्त आय** | **५०६९७** | **३३०३४** | **७७६३४**** |
| संघीय सरकार (मु.अ.कर तथा अन्त शुल्क) | ५०६९७ | ३३०३४ | ६०६०० |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकारबाट (सवारी साधन कर) | | | १७०३४ |
| **ग) अनुदान (यथार्थ)** | **२७८५६६** | **३१७९८०** | **३२९३९९** |
| संघीय सरकार समानीकरण अनुदान | १११८०० | ११२२०० | ११३४०० |
| संघीय सरकारः सशर्त | १३३५०० | १६१३९६ | १८२१०० |
| संघीय सरकारः सपपुरक अनुदान | | | |
| संघीय सरकारः विशेष अनुदान | | | |
| प्रदेश सरकारः समानीकरण अनुदान | ७७७८ | ९९५७ | ९९६३ |
| प्रदेश सरकारः शसर्त अनुदान | २५४८८ | ११७६९ | १६७९६ |
| प्रदेश सरकार (समपुरक/विशेष) अनुदान | | २२६५८ | ७१४० |
| कुल जम्मा | ३३१९७३ | ३५२०३७ | ४१००३३ |

** एकमुष्ठ अनुमानित*

*** अनुमानित*

गाउँपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा १% भन्दा कम देखिन्छ । गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड र अनुदान बापतको रकम नै रहेको देखिन्छ । उल्लेखित तालिका अनुसार गाउँपालिकाको समग्र आयको सारांश देहायअनुसार रहेको छः

तालिका 10: कुल आयमा गाँउपालिकाको आन्तरिक आयको योगदान

(रु हजारमा)

| | २०७५/७६ | % | २०७६/७७ | % | २०७७/७८ | % |
|---|---|---|---|---|---|---|
| क) आन्तरिक आय | २७१० | ०.८ | १०२३ | ०.३ | ३००० | ०.७ |
| ख) राजश्व बाँडफाँडबाट प्राप्त आय | ५०६९७ | १५.३ | ३३०३४ | ९.४ | ७७६३४ | १८.९ |
| ग) अनुदान | २७८५६६ | ८३.९ | ३१७९८० | ९०.३ | ३२९३९९ | ८०.३ |
| कुल | ३३१९७३ | १००.० | ३५२०३७ | १००.० | ४१००३३ | १००.० |

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरु

सुनापती गाँउपालिकाको आन्तरिक आय परिचालनमा नयाँ ब्यवस्था अनुसारको प्रशासनिक क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

**क) राजश्व प्रशासन**

राजश्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न गाँउपालिकामा राजस्व शाखा वा एकाईमा आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु आवश्यक देखिन्छ । यसका साथै गाँउपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा थप गर्ने, कर्मचारीहरुलाई क्षमता विकास तालिम, प्रविधिमा आधारित राजश्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजश्व शाखाको व्यवस्था हुन आवश्यक छ ।

**ख) आन्तरिक नियन्त्रण**

राजस्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति रसीद छपाई भएको हो प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ । राजस्व शाखाले जिन्सीफाँटबाट रसिद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ । लेखा शाखाले सम्बन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टी सहित भिडाई रकम बुझ्ने गर्नु पर्दछ । सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा गाँउपालिकाबाट जारी भएको राजस्व शीर्षकगत छुट्टिने फारममा राजस्व विवरण भरी दाखिला गरिनु पर्दछ । आ.ले.प. शाखाले समेत रसीद नियन्त्रण प्रक्रियालाई सुक्ष्म रुपमा हेर्ने गर्नु पर्दछ । यसरी प्राप्त रकमलाई गाँउपालिकाको गोश्वारा खातामा शीर्षक अनुसार चढाई मासिक रुपमा प्रमाणित गरि राजस्वको शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ । प्रतिवेदन पठाउदा राजस्वको लेखा सूत्रमा (SUTRA) आधारित भएर शीर्षकगत रुपमा प्रष्ट गरी अनलाईन प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनु पर्दछ ।

**ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

गाँउपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने विधि, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु पर्दछन् ।

**घ) आर्थिक ऐनमा सुधार**

गाँउपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ । गाउँपालिकाको जे.सी.बी. तथा अन्य यन्त्रउपकरण जस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सवै जग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ । त्यस्तै केहि करका शिर्षकहरु पनि सुधार गर्नुपर्ने देखिन्छ । गाँउपालिकाको धेरै क्षेत्रहरु ग्रामिण भेगमा पर्दछन । त्यसैले गाँउ, बजार तथा राजमार्ग आसपासको क्षेत्रमा जमीनको मूल्य र उपयोगितामा व्यापक अन्तर हुने भएकोले जमीनको उत्पादन, उपयोगिता र सडक पहुँचको आधारमा कर लिने प्रणालीको विकास हुन सकेमा कर पनि बढी संकलन हुने र बढी वैज्ञानिक समेत हुने देखिन्छ ।

**ङ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

गाँउपालिकाले राजश्वको दर निर्धारण गर्दा समान स्तरका करदाताहरुलाई समान व्यवहार हुने गरी तथा समान तहका स्थानीय सरकार वीच न्यून अन्तर हुने विषयमा ध्यान दिन आवश्यक हुन्छ । स्थानीय करका आधारहरु पर्याप्ति राजस्व संकलन गर्न सकिने खालको हुनु पर्दछ । अर्थात संकलित राजश्व भन्दा संकलन गर्दा

लाग्ने खर्च बढी हुने खालको हुनु हुँदैन । साथै स्थानीय उत्पादनका आधारमा दर निर्धारण गर्दा करदातालाई पनि मर्का नपर्ने र गाँउपालिकालाई पनि राजश्व प्राप्त सहज रुपमा हुने हुन्छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर अन्तर्गत मालपोतको मूल्यांकन र स्थानीय चलनचल्तीको रकम ज्यादै फरक भएका सो परिमार्जनका लागि पहल गर्दा राजश्वमा बृद्धि हुने अवस्था सिर्जना हुन्छ । गाँउपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने रकम र शिर्षक सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने तथा धेरै राजश्व तिर्ने करदाताहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने प्रणालीको बारेमा आवश्यक प्रचार प्रसार गर्नु पर्दछ ।

### च) अभिलेख व्यवस्थापन

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाँउपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन । गाँउपालिकाका सम्भाव्य राजश्का स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । गाँउपालिकाबाट राजश्व नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजश्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अपरिहार्य हुन्छ ।

### छ) समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । राजश्व प्रशासनलाई प्रभावकारी वनाउन निर्वाचित नेतृत्वले नियमित अनुगमन र छलफल गर्नुपर्दछ । साथै स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरी नयाँ करका शिर्षकहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

### ज) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाँउपालिकाले आय व्ययको विवरण, आन्तरिक र अन्तिम लेखा प्रतिवेदन आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत्

राजस्व र करबाट प्राप्त आयलाई के के शिर्षकमा खर्च गरियो भन्ने विवरणबारे नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

**झ) समावेशिता तथा सहभागिता अभिबृद्धि**

कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट संचालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

# परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितिय स्रोतहरुबाट प्राप्त विभिन्न तथ्याङ्क तथा सूचाना विश्लेषणका आधारमा गाँउपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाँउ कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वासस लिईएको छ ।

## ५.१ राजश्व सुधार कार्ययोजना

गाँउपालिकाले राजश्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु निम्न वमोजिम रहेका छनः

### ५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति

सुनापती गाँउपालिकामा राजश्व संकलनमा खासगरी ट्र्याकमा गैसकेको र ट्र्याकमा लानुपर्ने गरी दुई किसिमका अवस्थाहरु छन् । परम्परादेखि चल्दै आएका राजश्वहरु ट्र्याकमा छन् भने नयाँ राजश्वका स्रोतहरुमा जनतालाई वानी पार्न थप पहल गर्न आवश्यक रहेको छ । साविकका ५ वटा गाविसहरु मिलाएर गठन गरिएको यस गाँउपालिकामा विद्यमान कानुन प्रदत्त केही राजश्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । गाँउपालिकाका कानुनहरु पनि समय अनुकुल परिमार्जन एवं संशोधन गर्नुपर्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर राखी आन्तरिक राजश्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छ ।

क) राजश्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।

ख) राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।

ग) राजश्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।

घ) समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।

तालिका 11: राजश्व सुधार सम्बन्धी रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १) राजश्व सम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | १) गाँउपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२) कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै गाँउपालिका तथा निजीक्षेत्रबाट थप लगानी गर्न प्रोत्साहित गरिनेछ।<br>३) कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ ।<br>४)जनताको कर तिर्ने तथा करको भार बहन क्षमता विश्लेषणका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ ।<br>५) थप राजशवका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै बर्तमान राजश्व स्रोतको दायरा बृद्धि गर्न यसको यकिन |

| रणनीति | कार्यनीति |
|---|---|
| | तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>६) राजश्वको स्रोत बृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>७) सम्पत्ति मूल्यांकन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिने छ ।<br>८) आन्तरिक राजश्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ ।<br>९) करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>१०) गाँउपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ साथै पर्यटन विकासमा यस गाँउपालिकामा रहेका धार्मिक/साँस्कृति धरोहर तथा प्राकृतिक संपदाको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ ।<br>११) पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी स्थानीय तहहरु, निजी क्षेत्र र करदातासँग समेत छलफल तथा सहकार्य गरिनेछ ।<br>१२) नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान र पुरस्कत गरिनेछ ।<br>१३) समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ । |
| २) राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | १) गाँउपालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वियन गर्न राजश्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ ।<br>२) गाँउपालिकाको राजश्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>३) स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।<br>४) राजश्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमसः वडा कार्यालयहरुसँग सूचना संजालमा जोड्दै लगिने छ । स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा संचालन गरिनेछ ।<br>५) प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजश्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिनेछ ।<br>६) राजश्व लेखापालनलाई कम्प्यूटरकृत गरिनेछ र विद्युतीय माध्यमबाट नै राजश्वको प्रतिवेदन र फाँटबारी बनाइने छ ।<br>७) राजशव सम्वन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ । |
| ३) राजश्व कर प्रणालीलाई सरल, सहज करदाता मैत्री, पारदर्शी र समावेशी बनाउने | १) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।<br>२) कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३) कर/राजश्व सूचना सम्बन्धी प्रतिवेदनहरु अर्धवार्षिक एवं वार्षिक रुपमा गाँउपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु गाँउपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ ।<br>४) करदाता शिक्षा र कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।<br>५) महिला, अपांगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>६) कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ । |
| ४)समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने | १) पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, विक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य पालिकाहरुसँग समेत समन्वय तथा सहकार्य गरिनेछ ।<br>२) बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ ।<br>३) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>४) राजश्वसंग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तहहरुसंग समन्वय वैठक आयोजना गरी राजश्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ ।<br>५) राजश्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

### ५.१.२ राजश्व सुधार कार्ययोजना

#### क) राजश्व प्रशासन सुधार योजना

तालिका 12: राजश्व प्रशासन सुधार योजना

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १.१ | राजश्व परामर्श समितिको मासिक वैठक गरी भूमिकालाई प्रभावकारी बनाउने | २०७८ श्रावण देखी | राजश्व परामर्श समिति |
| १.२ | आर्थिक ऐन परिमार्जन गरि लागू गर्ने<br>▪ हालको राजश्व अधिकारका संभाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने<br>▪ बिषेश गरी करको दर र दायरा समयाअनुकुल बनाउने<br>▪ सबै करहरुमा छुट तथा जरीवानाको व्यवस्था गर्ने<br>▪ राजश्व संकलन प्रकृया प्रष्ट गर्ने | २०७९ असार मसान्त सम्म | राजश्व परामर्श समिति, गाँउ सभा |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
